शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकुहा, धनुषा

Email:- ito.shahidnagarmun@gmail.com

Email:- shahidnagar60@gmail.com

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०९।०७

यस शहीदनगर नगरपालिकामा यस आर्थिक वर्षमा सञ्चालन हुने गरिब घरपरिवार पहिचान तथा परिचय पत्र बितरण कार्यक्रमका निम्ति तपशिलको पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा उल्लेखित सेवा सर्तहरुको अधिनमा रहि काम गर्न ईच्छुक योग्य नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र माग बमोजिमका विवरणहरु र राजश्व बुझाएको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

तपशिलः-

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०५।२०७७।०७८ | सुपरिवेक्षक | चौथो वा पाँचौ | १ (एक जना) |
| १. | ०६।२०७७।०७८ | गणक | चौथो वा पाँचौ | ७ (सात जना) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः-

(क) सुपरिवेक्षकका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

(ख) गणकका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको, कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको ।

(ग) करार सेवाको लागि कुनै पनि कानूनले अयोग्य नठहरिएको ।

२. उम्मेदवारको उमेरको हदः- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको,

३. दरखास्त गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः- उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपी ।

४. दरखास्त दिने स्थानः- शहीदनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यदुकूहा धनुषा ।

५. दरखास्त दिने अन्तिम मिति २०७७।०९।२१ गते सम्म विदा परेमा त्यसको भोलि पल्ट ।

६. आवेदन दस्तुरः- रु.५००।- (पाँच सय)

७. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, प्रयोगात्मक र अन्तरवार्ता ।

८. सेवा सुविधाः-

(क) सुपरिवेक्षकको लागि रा.प. अनङ्कित प्रथम श्रेणीको कर्मचारीको तलव स्केल बरावर हुने ।

(ख) गणकको लागि रा.प. अनङ्कित द्धितिय श्रेणीको कर्मचारीको तलव स्केल बरावर हुने

९. पदले सम्पादित गर्नु पर्ने कार्यविवरणः- गणक तथा सुपरीवेक्षकको पदावधि निजहरु नियुक्ति भएको मितिले वढीमा ५ (पाँच) महिनासम्म कायम रहनेछ र निजले उक्त अवधिमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भए बमोजिम कार्य सम्पन्न गर्नु पर्नेछ ।

१०. प्रारम्भिक योग्यताको सूची प्रकाशन , प्रयोगात्मक र अन्तरवार्ता पछि प्रकाशन गरिने छ ।

११. सम्पर्क नम्बरः- ९८६०३००३६१,९८४४२७४५१०

नोटः- दरखास्त आवेदन फारम र अन्य जानकारी नगरपालिकाको वेबसाईट www.sahidnagarmun.gov.np

शत्रुघ्न यादव
प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner